मिति : २०८३/०१/१२, कापा बैठक संख्याः १८-०८२/८३

## बैठक नं. १८

आज मिति २०८३ साल बैशाख १२ गते शनिबार (ने.सं. ११४६, बछलाथ्व, नवमी) कञ्चन गाउँपालिकाको गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष **श्री नवराज ढकालज्यूको** अध्यक्षता र तपसिलमा उल्लिखित कार्यपालिका सदस्यहरूको उपस्थितिमा देहायका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गर्नका लागि बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो।

समयः बिहानको ठिक ८:०० बजे।

स्थानः कञ्चन गाउँपालिकाको कार्यालय, बेउरी, रुपन्देही ।

उपस्थितिः

| क्र.स. | हस्ताक्षर | नाम, थर | पद |
|---|---|---|---|
| १ | | श्री नवराज ढकाल | अध्यक्ष |
| २ | | श्री मौसमी थापा मगर | उपाध्यक्ष |
| ३ | | श्री हरिनारायण थारु | कार्यपालिका सदस्य |
| ४ | | श्री टेक बहादुर गुरुङ्ग | कार्यपालिका सदस्य |
| ५ | | श्री टिकाराम सापकोटा | कार्यपालिका सदस्य |
| ६ | | श्री केशर बहादुर खत्री | कार्यपालिका सदस्य |
| ७ | | श्री कुल प्रसाद पौडेल | कार्यपालिका सदस्य |
| ८ | | श्री रन्जना थारू | कार्यपालिका सदस्य |
| ९ | | श्री सुकमयाँ दर्जी | कार्यपालिका सदस्य |
| १० | | श्री खगिसरा शर्मा | कार्यपालिका सदस्य |
| ११ | | श्री शुशीला थापा | कार्यपालिका सदस्य |
| १२ | | श्री कुमारी घर्ती मगर | कार्यपालिका सदस्य |
| १३ | | श्री चित्रलाल तुलाचन | कार्यपालिका सदस्य |
| १४ | | श्री माधव प्रसाद पोखेल | सचिव |

मिति : २०८३/०१/१२, का.पा बैठक संख्याः १८-२०८२/८३

प्रमाणित गर्ने

माधव प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरु

१८.१ आ.व. २०८३/८४ का लागि प्रदेश सरकार समपुरक र विशेष अनुदानका लागि योजना/कार्यक्रम प्रस्ताव पेश सम्बन्धमा,

१८.२ पकेट क्षेत्र छनोट सम्वन्धमा,

१८.३ समृद्धि यशवशी कन्सट्रक्सन प्रा.लि.का सञ्चालकको नागरिकताको छायाँ प्रति (Photocopy) माग सम्वन्धमा,

१८.४ पशु शाखाका लागि यन्त्र औजारको न्युनतम दररेट निर्धारण सम्बन्धमा,

१८.५ विपद् व्यवस्थापन सम्बन्धी तालिम कार्यक्रम सञ्चालन सम्बन्धमा,

१८.६ उच्च अदालत बुटवलको म्याद तामेली पत्र सम्बन्धमा,

१८.७ आ.व. २०८३/८४ को सङ्घीय तथा प्रदेश सरकार अनुदान सम्बन्धमा,

१८.८ कर सम्बन्धी सेवा सञ्चालन सम्बन्धमा,

१८.९ उपभोक्ता समितिका कार्यसम्पन्न गर्नुपर्ने अन्तिम मिति तोक्ने सम्वन्धमा,

१८.१० कार्यक्रमहरुको शीर्षक परिवर्तन सम्वन्धमा,

१८.११ भूमि सम्वन्धी फारम प्रविष्टी कर्ताका लागि दररेट निर्धारण सम्वन्धमा,

१८.१२ व्यवसाय र मानव अधिकार सम्वन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयन र अनुगमन स्थानीय समिति गठन सम्वन्धमा,

१८.१३ महिला स्वास्थ्य स्वयंसेविका अक्षयकोषमा रकम जम्मा गर्ने सम्वन्धमा,

१८.१४ थप औषधि खरीद सम्बन्धमा,

१८.१५ निर्णय अनुमोदन सम्वन्धमा,

१८.१६ नदीजन्य पदार्थको सम्झौता प्रकृया अगाडी बढाउने सम्वन्धमा,

१८.१७ सम्झौता नविकरण सम्वन्धमा,

१८.१८ कभर्ड हल सम्वन्धमा,

१८.१९ विविध

कञ्चन गाउँपालिका

निर्णयहरू

१८.१. आ.व. २०८३/८४ का लागि प्रदेश सरकार समपुरक र विशेष अनुदानका लागि योजना/कार्यक्रम प्रस्ताव पेश सम्बन्धमा,

आगामी आ.व. २०८३/८४ को लागि लुम्बिनी प्रदेश सरकारसँग समपुरक तथा विशेष योजनाको लागि "प्रदेश समपुरक अनुदान व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि, २०८१" तथा "विशेष अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०७६ (दोस्रो संशोधन २०८१ समेत)" कार्यान्वयनका लागि लुम्बिनी प्रदेश योजना आयोगद्वारा मिति २०८२/१२/२७ गते प्रकाशित सूचना अनुसार गाउँपालिकाबाट देहाय बमोजिमका योजना छनोट गरी क्रमानुसार प्राथमिकताका आधारमा प्रस्ताव पेश गर्ने ।

देहाय

नवराज ढकाल
गा. पा. अध्यक्ष

मिति : २०८३/०१/१२, का.पा बैठक संख्याः १८-२०८२/८३

क. समपुरक अनुदानः

| प्राथमिकता क्रम | योजनाको नाम | कार्यान्वयन हुने स्थान | अनुमानित लागत |
|---|---|---|---|
| १ | दियो देखि गरगरे सम्म सडक कालोपत्रे | कञ्चन ४ | २५३२०४११.२/- |
| २ | कोठी देखि बर्गदवा हुँदै थकाली चोकसम्म सडक कालोपत्रे | कञ्चन ५,४ र ३ | २ करोड ५० लाख |

ख. विशेष अनुदानः

| प्राथमिकता क्रम | योजनाको नाम | कार्यान्वयन हुने स्थान | अनुमानित लागत |
|---|---|---|---|
| १ | दुर्गा मा.वि.को भवन तल्ला थप | कञ्चन १ | ५० लाख |
| २ | आधारभूत स्वास्थ्य सेवा केन्द्र भैंसाही भवनमा तल्ला थप | कञ्चन ५ | ५० लाख |

१८.२ पकेट क्षेत्र छनोट सम्वन्धमा,

आ.व.२०८२/०८३ मा संघीय शसर्त मार्फत कृषि विकास शाखा तर्फको धान बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम (सि.नं.२६ र खर्च शिर्षक नं.२२५२१पुँजीगत) अन्तर्गत विनियोजित जम्मा रकम रु.१२,००,०००।- बराबरको पकेट कार्यक्रम संचालन गर्न मिति २०८२/०९/११, २०८२/०९/३० र २०८२/११/२६ गते सहकारी/कृषि सहकारी/कृषक समूह/कृषि फर्महरुबाट आवेदन मागको लागि तिन पटक सूचना प्रकाशन पश्चात प्राप्त आवेदन मध्ये प्राविधिक समितिले मूल्यांकन गरेको आधारमा तपसिलमा उल्लेखित सहकारी/कृषि सहकारी/कृषक समूह/कृषि फर्महरुहरु निम्नानुसार कार्यक्रम संचालन गर्न पकेट क्षेत्र छनोट गर्ने ।

तपसिलः

| प्रा.क्र. | समितिको नाम | ठेगाना | बाली वस्तु | कैफियत |
|---|---|---|---|---|
| १ | सुनपुर कृषक समूह धान पकेट संचालक समिति | कञ्चन-१,रुपन्देही | धान बाली | छनोट |
| २ | नागरिक बहुउद्देश्यीय कृषक समूह धान पकेट संचालक समिति | कञ्चन-२,रुपन्देही | धान बाली | वैकल्पिक |

१८.३ **समृद्धि यशवशी कन्सट्रक्सन प्रा.लि.का सञ्चालकको नागरिकताको छायाँ प्रति (Photocopy) माग सम्वन्धमा,**

गाउँपालिकाको आ.व. २०७८/७९ को ठेक्का नं. KRM/WORKS/02/2078-79, Construction of Bagahi Road to Bajbajaha Dayanagar Blacktop Road (0+000-0+800KM) र आ.व. २०७९-८० को ठेक्का नं. KRM/WORKS/NCB/02/2079-80 construction of Harnachaur to Mangolian Chowk Blacktop Road सम्बन्धमा श्री समृद्धि यशवशी कन्सट्रक्सन प्रा.लि.बाट ठेक्का अलपत्र पारी निजको बैंक जमानत जफत गरी श्री सार्वजनिक खरीद अनुगमन कार्यालय ताहचल काठमाडौंबाट कालोसूचीमा समेत समावेश गरेकोमा,

गाउँसभाको १६ औं अधिवेशनको मिति २०८१/०३/१३ गतेको निर्णयबाट "पूर्वाधार विकास शाखा प्रमुख श्री सुवोध ज्ञवालीले पेश गर्नुभएको समृद्धि यशस्वी कन्ट्रक्सन प्रा.लि.काठमाडौंसँगको ठेक्का सम्झौता रद्द गरी नयाँ ठेक्का सम्झौता बमोजिमको बाँकी रकम असुल गराउने सम्बन्धमा कार्यपालिकाको मिति २०८१/०३/१२ गतेको निर्णयबाट स्वीकृत भई आए बमोजिमको प्रस्ताव सभासमक्ष पेश गर्नुभएको उक्त प्रस्ताव माथि छलफल भई निर्णायार्थ पेश हुँदा सर्वसहमतिले पारित भई आएकोमा निज फर्मबाट असुल उपर गर्ने जरिवाना रू. ४१,३१२८९.७४/- दाखिला गर्नका लागि इमेल (yashasvisamriddhi1@gmail.com) मा पत्राचार गरिएको

मिति २०८२/१२/०२ गतेको मेचिकाली राष्ट्रिय दैनिकमा रकम जम्मा गर्न आउने बेहोराको ३५ दिने सूचना प्रकाशित भएकोमा सूचनाको म्याद समाप्ति पश्चात हालसम्म पनि निज फर्मबाट असुल उपर हुनुपर्ने जरिवाना वापतको रकम जम्मा नगरेको हुँदा कुमारीचोक तथा केन्द्रीय तहसील कार्यालयमा सरकारी बाँकी सरह असुल उपर गर्ने प्रक्रियाका सम्बन्धमा जानकारी माग गर्दा निज फर्मको सञ्चालकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि अनिवार्य संलग्न गर्नु पर्ने भनि जानकारी प्राप्त भएको र निजको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि कार्यालयमा नरहेको/नभएको हुँदा उक्त फर्मका सञ्चालक श्री प्रदिप पन्त समेतको नाममा खाता सञ्चालन रहेको श्री कृषि विकास बैंक बुटवल शाखालाई नागरिकताको प्रमाण पत्रको प्रतिलिपि उपलब्ध गराउनका लागि पत्राचार गर्ने ।

**१८.४ पशु शाखाका लागि यन्त्र औजारको न्युनतम दररेट निर्धारण सम्बन्धमा**

क. आ.ब २०८२/२०८३ को स्विकृत बार्षिक वजेट अन्तर्गत सि.नं २०१ मा रहेको खर्च शिर्षक नं ३११२२ अनुसार कृषकहरुका लागी यान्त्रिकरण अनुदान कार्यक्रम (५० प्रतिशत अनुदानमा) साना तथा ठुला व्यवसायिक कृषक समेत कार्यक्रम अन्तर्गत यस कञ्चन गाउँकार्यपालिकाबाट मिति २०८३/०१/०२ गते तपसिलको स्पेशिपिकेशन सहित माग भएको यन्त्र औजारको दररेट पेश गर्ने सम्बन्धी सूचना अनुसार तोकिएको अवधिभित्र सम्बन्धित क्षेत्रमा विक्रेता पसल/फर्मबाट यस कार्यालयलाई प्राप्त दररेट देहाए बमोजिम पाइएकोले आवश्यक निर्णयार्थ छलफल भयो-

तपसिल

<u>यन्त्र औजारको स्पेशिपिकेशन</u>

| **Technical specification of Electric Chaff Cutter** | **Technical specification of Cow Mat** | **Technical specification of Single Crusher mill** |
|---|---|---|
| Model: Any | Model: Any | Model: Any |
| Operating System: Electric | Dimension(L*T) Ft: 6*8<br>Thickness(mm): 15-17 | Rated Power: 2.2 KW/3 HP |
| Motor Power: 2 HP | Material: Rubber, Interlock | Voltage: 220 (Single Phase) |
| Power Source: Single Phase(220V) | Extra: Egronomic in Nature | Motor Type: Copper Wire |
| RPM: >1400 | Warranty: Minimum 1 year | Motor Speed: > 2800 RPM |
| Wieght: >120 Kg | | Power Source: Single Phase(220V) |
| Rola: 3 | | Wieght: >50 Kg |
| Length of Chaff Cut: 1 Cm | | Application: Ideal for grindinding corn, beans, rice, wheat and sorghum |
| Number of Blade(minimum): 2 Curved | | Production Capacity (min.): >250 kg/hr |
| Production Capacity (min.): >300 kg/hr | | Materials: Wheel- Cast Iron<br>Frame- Mild Steel |

मिति : २०८३/०१/१२, का.पा बैठक संख्याः १८-२०८२/८३

| | | |
|---|---|---|
| Materials: Wheel- Cast Iron Roller- Cast Iron Gear- Ms Casting Frame- Mild Steel | | Safety: Productive Covers On Moving Parts, Belt, Pulleys and Blades |
| Safety: Productive Covers On Moving Parts, Belt, Pulleys and Blades | | Motor Protection: Cutoff With MCV for Overload Production |
| Motor Protection: Cutoff With MCV for Overload Production | | Warranty/Free Service: Minimum 1 year/at least 2 Service |
| Warranty/Free Service: Minimum 1 year/at least 2 Service | | |

<u>तुलनात्मक तालिका</u>

| क्र.सं. | पसल/फर्मको नाम | ठेगाना | यन्त्र/औजारको नाम | परिमाण | मुल्य |
|---|---|---|---|---|---|
| १ | नेपाल आईरन स्टोर्स | सिध्दार्थनगर भैरहवा रुपन्देही | **Electric Chaff Cutter** | १ पिस | ४६००० |
| | | | Cow Mat | १ पिस | ७००० |
| | | | Single Crusher mill | १ पिस | २९५०० |
| २ | अष्टदीप एग्रो इन्जिनियरिङ्ग सेल्स | बुटवल रुपन्देही | Electric Chaff Cutter | १ पिस | ३७००० |
| | | | Cow Mat | १ पिस | ६८०० |
| | | | Single Crusher mill | १ पिस | २८००० |
| ३ | सत्यवती सप्लायर्स | बुटवल-२ रुपन्देही | Electric Chaff Cutter | १ पिस | ३९५०० |
| | | | Cow Mat | १ पिस | ७२०० |
| | | | Single Crusher mill | १ पिस | ३१००० |
| ४ | बुटवल अटोमोवाईल | बुटवल-५ पुल्चोक रुपन्देही | Electric Chaff Cutter | १ पिस | ४६००० |
| | | | Cow Mat | १ पिस | ६९०० |
| | | | Single Crusher mill | १ पिस | २९००० |
| ५ | राम जानकी मेसिन एण्ड टुल्स | बुटवल-११ रुपन्देही | Electric Chaff Cutter | १ पिस | ३२००० |
| | | | Cow Mat | १ पिस | ६८०० |
| | | | Single Crusher mill | १ पिस | २५००० |

उल्लेखित तालिकामा ५ (पाँच) वटा पसल/फर्मले पेश गरेको दररेटलाई मुल्याङ्कन गर्दा राम जानकी मेसिन एण्ड टुल्स बुटवल-११ रुपन्देही को प्रति इकाई लागत तुलनात्मक रुपमा सबै भन्दा कम भएको देहायको दररेटलाई न्युनतम दररेट कायम गरी टेण्डर आह्वानको प्रकृया अघि बढाउन सम्बन्धित शाखालाई निर्देशन दिने

देहाय

| | | | | | |
|---|---|---|---|---|---|
| १ | राम जानकी मेसिन एण्ड टुल्स | बुटवल-११ रुपन्देही | **Electric Chaff Cutter** | १ पिस | ३२००० |
| | | | **Cow Mat** | १ पिस | ६८०० |
| | | | **Single Crusher mill** | १ पिस | २५००० |

## ख. कृषकलाई बितरण गर्ने यन्त्र औजारको संख्या निर्धारण सम्बन्धमा

आ.ब २०८२/२०८३ को स्विकृत बार्षिक वजेट अर्न्तगत सि.नं २०१ मा रहेको खर्च शिर्षक नं ३११२२ अनुसार कृषकहरुका लागी यान्त्रिकरण अनुदान कार्यक्रम (५० प्रतिशत अनुदानमा) साना तथा ठुला व्यवसायिक कृषक समेत कार्यक्रमको लागि लागी मिति २०८२।१२।११

५

गते प्रकाशित सुचना अनुसार प्राप्त आवेदन बमोजिम कृषकलाई बितरण गर्ने यन्त्र औजार अनुदानको लागी कञ्चन गाउँपालिकाको अनुदान सिफारिस तथा अनुगमन समितिले निर्णय गरेको संख्यालाई टेण्डर आह्वानको लागी तपशिल बमोजिमको संख्या निर्धारण गर्ने:-

तपशिल:

| क्र.सं. | यन्त्र औजारको नाम | निर्धारण गरिएको संख्या |
|---|---|---|
| १ | ईलेक्ट्रिक च्यापकटर | ४१ |
| २ | काउ म्याट | ४६ |
| ३ | पावर क्रसर ( दाना पिस्ने मेशिन ) | १५ |

१८.५ विपद् व्यवस्थापन सम्बन्धी तालिम कार्यक्रम सञ्चालन सम्बन्धमा,

विपद् व्यवस्थापन गरी मानवीय जोखिम न्यूनीकरण गर्न र स्थानीय सरोकारवाला संघ संस्थाहरूलाई विपद् उत्थानशील कार्यमा सहयोग, सहजीकरण र समन्वय गरी विपद् व्यवस्थापनलाई सहज र प्रभावकारी बनाई जनधनको क्षतिलाई न्यूनीकरण गर्ने प्रयोजनार्थ विपद् व्यवस्थापन कोषबाट बढीमा रू ३ लाख ५० हजार रकम बराबरको रकम भुक्तानी हुने गरी विपद् व्यस्थापन सम्बन्धी तालिम कार्यक्रम परामर्श सेवा विधि मार्फत सञ्चालन गर्ने ।

१८.६ उच्च अदालत बुटवलको म्याद तामेली पत्र सम्बन्धमा,

उच्च अदालत तुलसीपुर बुटवल इजलासबाट मिति २०८२/१२/२३ गते म्याद तामेली भई आएको सम्वत् २०८२ सालको मुद्दा नं. ०८२-WO-०१४० अस्मिता तरामु समेत रिट निवेदक दर्ता भई गजेडी माध्यमिक विद्यालय कञ्चन गाउँपालिका वडा नं २ विपक्षी भई जारी भएको म्याद तामेलीमा कञ्चन गाउँपालिका कार्यपालिकाका नाममा जारी भएको १५ दिने म्याद सूचना र सो सम्वद्ध प्राप्त कागजातहरूको बारेमा प्रमुख प्रशासकीय अधिकृतबाट कार्यपालिका समक्ष जानकारी गराउनु भयो ।
मिति २०८२/११/१४ गते इजलास समक्ष पेश हुँदा यसका के कसो भएको हो ? निवेदन माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? उक्त आदेश जारी हुनु नपर्ने कारण र प्रमाण भए सो समेत साथै राखी यो म्याद सूचना प्राप्त भएको मितिले बाटोको म्याद बाहेक १५ दिन भित्र आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनि आदेश भई आएकोमा पत्र बमोजिम प्रतिउत्तर पेश गनर्का लागि इन्दिरा बेल्बासे बुटवल उप.म.न.पा.-४, रूपन्देहीलाई अख्तियारी नामा दिने ।

१८.७. आ.व. २०८३/८४ को सङ्घीय तथा प्रदेश अनुदान सम्बन्धमा

आगामी आ.व. २०८३/८४ मा यस गाउँपालिकाका लागि देहाय बमोजिमको अनुदानको बजेट सिलिङ्ग प्राप्त भएको बेहोरा प्रमुख प्रशासकीय अधिकृत श्री माधव प्रसाद पोखेलबाट कार्यापलिका लाई जानकारी गराउनु भयो

देहाय

क. सङ्घीय अनुदानतर्फ

१. वित्तीय समानीकरण अनुदान — रू. ११ करोड ७८ लाख मात्र

प्रमाणित गर्ने
२०८३/०१/१२
माधव प्रसाद पाँखेल
प्रमुख प्रशासकीय अधिकृत

२. राजस्व बाँडफाँड — रू. १० करोड १८ लाख ५८ हजार मात्र

ख. प्रदेश अनुदानतर्फ

१. वित्तीय समानीकरण अनुदान — रू. ८१ लाख ८ हजार मात्र

२. राजस्व बाँडफाँड — रू. १ करोड ४ लाख ४७ हजार मात्र

१८.८. कर सम्बन्धी सेवा सञ्चालन सम्बन्धमा,

आन्तरिक राजस्व कार्यालय बुटवल रूपन्देही च.नं. २२८८ मिति २०८२/१२/१७ गतेको पत्रानुसार नेपाल सरकार मन्त्रि परिषद्को मिति २०८२/०७/१७ गतेको निर्णय तथा स्थानीय तहबाट सेवा प्रवाह गर्ने विषयलाई व्यवस्थित गर्न आन्तरिक राजस्व विभागको मिति २०८२/०९/२० गतेको निर्णय अनुसार विभागबाट स्वीकृत स्थानीय तहको कार्य क्षेत्रगत शर्तहरू तथा स्थानीय तहहरूबाट सेवा प्रवाह गर्ने सम्बन्धी कार्यविधि, २०८२ अनुसार यस कार्यालयसँग समन्वय तथा सम्झौता गरी स्थानीय तहबाट सेवा प्रदान गर्न सकिने भएकोले तहाँ गाउँपालिका इच्छुक भएमा आवश्यक समन्वय गर्नु भन्ने बेहोराको पत्र प्राप्त भएको बेहोरा बैठकमा जानकारी भयो

कञ्चन गाउँपालिका क्षेत्रभित्रका नागरकिहरूलाई घर दैलोमै सेवा पुऱ्याउने हेतुले आन्तरिक राजस्व कार्यालय बुटवलसँग आवश्यक समन्वयमा कर सम्बन्धी सेवा सञ्चालन गर्नका लागि आवश्यक प्रक्रिया अगाडी बढाउन निर्देशन दिने ।

१८.९. उपभोक्ता समितिका कार्यसम्पन्न गर्नुपर्ने अन्तिम मिति तोक्ने सम्वन्धमा,

गाउँपालिकाको आ.व. ०८२।०८३ को स्वीकृत वार्षिक योजना तथा कार्यक्रम अन्तर्गत उपभोक्ता समितिसँग सम्झौता भई कार्यान्वयनमा रहेका योजना/कार्यक्रमहरुको तोकिएको मितिसम्म समेत सम्पन्न हुन नसकेको भनि म्याद थपको लागि कार्यालयमा निवेदन पेश भएकोमा

इन्धन संकट, मंहगी लगायतका कारण कार्यसम्पन्न हुन बाँकी योजना/कार्यक्रमहरुको सम्झौता बमोजिम कार्यसम्पन्न गर्नुपर्ने मिति सम्ममा सम्पन्न हुन नसकेकोले साविककै शर्त र सम्झौता बमोजिम हुने गरी सम्वत् २०८३ साल वैशाख मसान्तसम्म म्याद थप गर्ने साथै, यस कार्यालयबाट यस सम्वन्धमा भई आएका निर्णय तथा पत्राचारहरुलाई समेत अनुमोदन गर्ने ।

१८.१०. कार्यक्रमहरुको शीर्षक परिवर्तन सम्वन्धमा,

आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत रहेका देहायका योजना/कार्यक्रमहरूको देहाय बमोजिम कार्यक्रम सञ्चालन गरी कार्यान्वयन गर्ने :-

देहाय

| क.सं. | योजना/कार्यक्रम | सञ्चालन हुने योजना/कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | उपाध्यक्ष कप खेलकुद कार्यक्रम | महिला भलिवल प्रतियोगिता | २०००००/- | |
| २ | शहीद तथा घाईते परिवारका लागि आय आर्जन मुलक कार्यक्रम सञ्चालन | लक्षित वर्गको माग बमोजिम कार्यक्रम सञ्चालन हुने गरी | २०००००/- | |



नवराज ढकाल
गा.पा. अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ३ | कुष्ठ रोग कार्यक्रम अन्तर्गत स्यवंसेवक समूहलाई विऊ पूँजी थप तथा कार्यक्रम सञ्चालन | क. कुष्ठरोग खोजपड्ताल अभियान तथा कन्ट्र्याक ट्रेसिङ्ग | ५५०००/- | |
| | | ख. स्यवं हेरचाह समूहलाई बिऊ पूँजी वितरण | ३००००/- | |
| | | ग. कुष्ठ रोग दिवस मनाउन | १५०००/- | |
| ४ | उपाध्यक्षसँग गर्भवती भेटघाट कार्यक्रम | झुल वितरण कार्यक्रम | १०००००/- | |

**१८.११. भूमि सम्वन्धी फारम प्रविष्टीकर्ताका लागि दररेट निर्धारण सम्वन्धमा,**

भूमिहिन दलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरुको लगत संकलन भई आएकोमा प्राप्त फारमहरु भूमि समस्या सामाधान आयोगको अनलाई सफ्टवेयर प्रणाली NALCS मा प्रविष्टी गर्नु पर्ने कानूनी व्यवस्था बमोजिम यस गाउँपालिकामा मौजुदा जनशक्तिबाट मात्र उक्त कार्य तोकिएको समय सम्पन्न हुन नसक्ने भएकाले प्रविष्टिका लागि थप जनशक्तिको व्यवस्थापन गरी प्रति फारम प्रविष्टी गरेवापत रु ६० का दरले रकम उपलब्ध गराउने र सो कार्यमा खटिएका जनशक्तिलाई खाजा खानाको व्यवस्था समेत मिलाउने व्यवस्था गर्ने

**१८.१२. व्यवसाय र मानव अधिकार सम्वन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयन र अनुगमन स्थानीय समिति गठन सम्वन्धमा,**

व्यवसाय र मानव अधिकार सम्वन्धी राष्ट्रिय कार्ययोजना (०८०/०८१ – ०८४/०८५) को अनुसूची-३ बमोजिम गठन गर्नुपर्ने कार्यान्वयन र अनुगमन स्थानीय समिति देहाय बमोजिम गठन गर्ने :-

१. संयोजकः मौसमी थापा मगर, उपाध्यक्ष कंचन गाउँपालिका
२. सदस्यः गाँउकार्यपालिकाबाट मनोनित उद्योग व्यवसायी श्री शशी सापकोटा
३. सदस्यः गाउँकार्यपालिकाबाट मनोनित मानव अधिकारकर्मी श्री उमा ढमाल
४. सदस्यः गाउँकार्यपालिकाबाट मनोनित श्रमिक संगठनको प्रतिनिधि श्री शशीराम गोतामे
५. सदस्य सचिवः माधव प्रसाद पोखेल, प्रमुख प्रशासकीय अधिकृत

**१८.१३. महिला स्वास्थ्य स्वयमसेविका अक्षयकोषमा रकम जम्मा गर्ने सम्वन्धमा,**

यस गाउँपालिका अन्तर्गत साविक गजेडी गा.वि.स. र रुद्रपुर गा.वि.स. हाल कञ्चन गाउँपालिका वडा नं.१ र २ गजेडी स्वास्थ्य चौकी तथा वडा नं. ३,४ र ५ अन्तर्गत रुद्रपुर स्वास्थ्य चौकी अन्तर्गत कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुको अक्षयकोषको लागि आ.व.२०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रममा संचालनमा रहेको स्वयम् सेविका अक्षयकोषमा रकम थप शिर्षकमा रु १ लाख मात्र/- बजेट विनियोजन भएकोमा स्थापना गरिएका देहायका अक्षयकोषमा उक्त रकम बाँडफाँड गरी जम्मा गर्नेः-

मिति : २०८३/०१/१२, का.पा बैठक संख्याः १८-२०८२/८३

देहायः-

| क्र.सं. | संस्थाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | महिला स्वास्थ्य स्यवंसेविका कोष, गजेडी स्वास्थ्य चौकी | ४०,०००/- | |
| २ | नेपाल स्वास्थ्य स्यवंसेवि संघ, रूद्रपुर स्वास्थ्य चौकी | ६०,०००/- | |
| जम्मा | | १,००,००० | |

१८.१४. थप औषधि खरीद सम्वन्धमा,

गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूबाट सर्बसाधरण नागरिकहरूलाई निशुल्क वितरण गर्नका लागि औषधि खरीद गर्न आ.व. २०८२/८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम शसर्त अनुदान तर्फ आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरीद शीर्षक क्रियाकलाप कोड २.७.२२.९४२१ मा रू. ११,८७,०००/- तथा गाउँपालिकाको समानिकरण तर्फ स्वास्थ्य संस्थाहरूबाट निशुल्क वितरणका लागि औषधि खरीद शीर्षकमा रू. १२,२६,२२४/- बजेट कार्यपालिकाबाट सुनिश्चित भई उक्त विनियोजित बजेटको परिधिमा रही २३,२६,२२४/- को लागत अनुमान तयार गरी विद्युतीय खरीद विधि मार्फत चुनचुन फार्मेसी पोखराको ठेक्का स्वीकृत भई सोही बमोजिमको औषधि खरीद भएको तर उक्त पहिलो चरणमा खरीद गरिएका औषधिहरू स्वास्थ्य संस्थाको माग भन्दा अत्याधिक कम भएको तथा हाल सबै स्वास्थ्य संस्थाहरूमा औषधिको मौज्दात न्यून भएको गर्मी मौसमको कारण विभिन्न रोगहरू बढ्न सक्ने भएकोले मिति २०८३/०१/०८ गते स्वास्थ्य संस्था प्रमुखको बैठकबाट यस आ.व. को तेस्रो चौमासिक तथा आगामी आ.व. २०८३/८४ को प्रथम चौमासिक सम्मका लागि पुग्ने गरी थप औषधिको परिमाण निर्धारण गरी चुन चुन फार्मेसी पोखरासँग मिति २०८२/०८/१४ मा भएको सम्झौताको बुँदा नं. ३ मा सम्झौता बमोजिमका परिमाणहरू मध्ये कार्यालयलाई आवश्यक भई थप खरीद गर्न चाहेमा वा थप अख्तियारी प्राप्त भई खरीद गर्नु पर्ने भएमा एकै पटक वा पटक-पटक गरी सम्वत् २०८३ साल आषाढ मसान्तसम्म सम्झौताको दररेटमा नै उपलब्ध गराउनु पर्ने शर्त बमोजिम रू. ७,६६,८२६/- बराबरको थप औषधि खरीद गर्नका लागि स्वीकृती दिने ।

१८.१५. निर्णय अनुमोदन सम्वन्धमा,

तरकारी मूल्य श्रृंखला विकास परियोजना अन्तर्गत कृषि अनुदान वितरण निर्देशिका,२०८२ को परिच्छेद-२ को दफा ५ को खण्ड (ग) बमोजिम स्वीकृत कृषक समूह मार्फत उत्पादन सामग्री सहायता कार्यक्रम संचालन गर्न मिति २०८२/०८/२९ गते कृषक समूहहरुबाट आवेदन मागका लागि प्रकाशित सूचना अनुसार प्राप्त आवेदन हरुको अनुगमन समितिद्वारा गरिएको स्थलगत निरीक्षण र छनोट तथा कार्यान्वयन समितिको मिति २०८२/११/२६ गतेको निर्णयको आधारमा निम्नानुसार कृषक समूहहरुलाई कार्यक्रम संचालनका लागि अनुदान उपलब्ध गराउने निर्णय भई आएकोमा सोही बमोजिम उक्त निर्णयलाई अनुमोदन गर्ने -

अनुमोदित निर्णय

क. कृषक समूह मार्फत उत्पादन सामग्री सहायता कार्यक्रम तर्फ

मिति : २०८३/०१/१२, का.पा बैठक संख्याः १८-२०८२/८३

| क.सं. | कृषक समूहको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | जनजागरण कृ.स. | कञ्चन-२,कटुवा | |
| २ | कञ्चन कृ.स. | कञ्चन-२,तरैयागढ | |
| ३ | भैरब बाबा कृ.स. | कञ्चन-२,मसिना सेमरहनी | |
| ४ | नमूना कृ.स. | कञ्चन-२,कटैया | |
| ५ | बजबजहा कृ.स. | कञ्चन-२,बजबजहा | |
| ६ | दयानगर कृ.स. | कञ्चन-२,दयानगर | |
| ७ | बुद्ध कृ.स. | कञ्चन-१,बकुलगाढ | |
| ८ | लक्ष्मी कृ.स. | कञ्चन-२,दयानगर | |
| ९ | भोलेनाथ कृ.स. | कञ्चन-२,सेमरहनी | |
| १० | कुट्टा म.कृ.स. | कञ्चन-२,कुट्टा | |
| ११ | कुस्माडाँडा कृ.स. | कञ्चन-१,कुष्माडाँडा | |
| १२ | मिलीजुली कृ.स. | कञ्चन-४,पुर्तिघाट | |
| १३ | बेलडाँडा थारु म.कृ.स. | कञ्चन-४,बेलडाँडा | |
| १४ | आधुनिक कृ.स. | कञ्चन-२,गजेडी | |

**ख.** तरकारी मूल्य श्रृंखला विकास परियोजना अन्तर्गत कृषि अनुदान वितरण निर्देशिका,२०८२ को परिच्छेद २ को दफा ५को खण्ड (क) बमोजिम स्वीकृत क्षेत्रफलमा आधारित अनुदान कार्यक्रम संचालन गर्न मिति २०८२/०८/२९ गते कृषकहरुबाट आवेदन मागका लागि प्रकाशित सूचना अनुसार प्राप्त आवेदन हरुको अनुगमन समितिद्वारा गरिएको स्थलगत निरीक्षण र छनोट तथा कार्यान्वयन समितिको मिति २०८२/११/२६ गतेको निर्णयको आधारमा निम्नानुसारको कृषकहरु कार्यक्रम संचालनका लागि छनोट गर्ने निर्णय भई आएकोमा सोही बमोजिम अनुमोदन गर्ने-

अनुमोदित निर्णय

क्षेत्रफलमा आधारित अनुदान कार्यक्रम तर्फ

| क.सं. | कृषक समूहको नाम | कृषकको नाम,थर | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | आधुनिक कृषक समूह | सुर्य कुमार लोध | कञ्चन-२ | |
| २ | | ढमबहादुर पुन मगर | कञ्चन-१ | |
| ३ | बजबजहा कृषक समूह | विक्रम लोध | कञ्चन-२ | |
| ४ | | दीप कुमार लोध | कञ्चन-२ | |
| ५ | | निरन्जन लोध | कञ्चन-२ | |
| ६ | | बुझारथ पासी | कञ्चन-२ | |
| ७ | | बिरेन्द्र यादव | कञ्चन-२ | |
| ८ | | कोईल यादव | कञ्चन-२ | |
| ९ | | रविन्द्र यादव | कञ्चन-२ | |
| १० | | पंचम लोध | कञ्चन-२ | |

प्रमाणित गर्ने
माधव प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ११ | भैरव बाबा कृषक समूह | दिलिप लोध | कञ्चन-२ | |
| १२ | | राम नरेश मुराउ कोइरी | कञ्चन-२ | |
| १३ | | मंगलप्रसाद लोध | कञ्चन-२ | |
| १४ | | रामबिलास लोध | कञ्चन-२ | |
| १५ | | रिंकी कुमारी लोध | कञ्चन-२ | |
| १६ | | टिकोरी प्रसाद लोध | कञ्चन-२ | |
| १७ | भोलेनाथ कृषक समूह | राम मिलन लोध | कञ्चन-२ | |
| १८ | | नेपाल मुराउ | कञ्चन-२ | |
| १९ | | पप्पु मुराउ | कञ्चन-२ | |
| २० | बुद्ध कृषक समूह | डम्मर बहादुर क्षेत्री | कञ्चन-१ | |
| २१ | | लक्ष्मण घर्ती क्षेत्री | कञ्चन-१ | |
| २२ | दयानगर कृषक समूह | संजय कुमार यादव | कञ्चन-२ | |
| २३ | | रघुवर यादव | कञ्चन-२ | |
| २४ | | कन्है लोध | कञ्चन-२ | |
| २५ | | लाल बचन लोध | कञ्चन-२ | |
| २६ | | सर्मिला लोध | कञ्चन-२ | |
| २७ | | हरि लोध | कञ्चन-२ | |
| २८ | | कमलेश लोध | कञ्चन-२ | |
| २९ | | राम मुरत यादव | कञ्चन-२ | |
| ३० | | फागु पासी | कञ्चन-२ | |
| ३१ | | विस्लवती लोध | कञ्चन-२ | |
| ३२ | जनजागरण कृषक समूह | मंगरु केवट | कञ्चन-२ | |
| ३३ | | सहदेव केवट | कञ्चन-२ | |
| ३४ | | जोगेन्द्र केवट | कञ्चन-२ | |
| ३५ | | प्रदिप कुमार लोध | कञ्चन-२ | |
| ३६ | | सोनमती लोध | कञ्चन-२ | |
| ३७ | | पंचम केवट | कञ्चन-२ | |
| ३८ | कञ्चन कृषक समूह | गिर्जा सिंह क्षेत्री | कञ्चन-२ | |
| ३९ | | गोविन्द कुमार सिंह | कञ्चन-२ | |
| ४० | | शुभावती यादव | कञ्चन-२ | |
| ४१ | | राम प्रसाद यादव | कञ्चन-२ | |
| ४२ | कुस्माडाँडा कृषक समूह | सलहन्ती मल्लाहीन | कञ्चन-१ | |
| ४३ | | सुद्धु मल्लाह | कञ्चन-१ | |
| ४४ | | झब्बर मल्लाह | कञ्चन-१ | |
| ४५ | | प्रेमचन्द्र मल्लाह | कञ्चन-१ | |
| ४६ | | नेपाली मल्लाह | कञ्चन-१ | |

प्रमाणित गर्ने
[signature]
०८३।१।१२

मिति : २०८३/०१/१२, का.पा बैठक संख्या: १८-२०८२/८३

माधव प्रसाद पोखेल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ४७ | | राजेश मल्लाह | कञ्चन-१ | |
| ४८ | | रामकिशुन चौहान | कञ्चन-१ | |
| ४९ | | बाद्ररी नारायण मल्लाह | कञ्चन-१ | |
| ५० | | बिर्खाभान चौहान | कञ्चन-१ | |
| ५१ | | तारामती चौहान | कञ्चन-१ | |
| ५२ | कुट्टा महिला कृषक समूह | मन्जु धोबी | कञ्चन-२ | |
| ५३ | | अनुपा केवट | कञ्चन-२ | |
| ५४ | | सुमित्रा लोध | कञ्चन-२ | |
| ५५ | | इन्द्रमती लोध | कञ्चन-२ | |
| ५६ | | जसोमती लोध | कञ्चन-२ | |
| ५७ | लक्ष्मी कृषक समूह | सुकै लोध | कञ्चन-२ | |
| ५८ | | अमिन लोध | कञ्चन-२ | |
| ५९ | | अलगु लोध | कञ्चन-२ | |
| ६० | | कोमल लोध | कञ्चन-२ | |
| ६१ | | सोमई लोध | कञ्चन-२ | |
| ६२ | | चन्द्रीका लोध | कञ्चन-२ | |
| ६३ | | सुकई लोध | कञ्चन-२ | |
| ६४ | | दिनेश लोध | कञ्चन-२ | |
| ६५ | मिलीजुली कृषक समूह | कौलश्वर थारु | कञ्चन-४ | |
| ६६ | | सन्तराम अहिर | कञ्चन-५ | |
| ६७ | नमूना कृषक समूह | लालचन यादव | कञ्चन-२ | |
| ६८ | | राम बेलास यादव | कञ्चन-२ | |
| ६९ | | अशोक कोईरी | कञ्चन-२ | |
| ७० | | झकरी केवट | कञ्चन-२ | |
| ७१ | | चानगुडी केवट | कञ्चन-२ | |
| ७२ | | कौशिल्या कोईरी | कञ्चन-२ | |
| ७३ | | राम असारे मल्लाह | कञ्चन-२ | |
| ७४ | | राज कुमार तेली | कञ्चन-२ | |
| ७५ | | सुरेश कोईरी | कञ्चन-२ | |
| ७६ | | गंगा राम केवट | कञ्चन-२ | |
| ७७ | | रामानन्द केवट | कञ्चन-२ | |
| ७८ | | चन्द्रप्रकाश केवट | कञ्चन-२ | |
| ७९ | थारु महिला कृषक समूह | विष्णुदेवी थारु | कञ्चन-४ | |
| ८० | | मिना थारु | कञ्चन-४ | |
| वैकल्पिक | | | | |

कञ्चन गाउँपालिका

नवराज ढकाल
का.पा. अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १ | भैरव बाबा कृ.स. | सियाराम लोध | कञ्चन-२ | |
| २ | लक्ष्मी कृ.स. | गुलाब लोध | कञ्चन-२ | |
| ३ | कुस्माडाँडा कृ.स. | बल्लन मल्लाह | कञ्चन-१ | |
| ४ | लक्ष्मी कृ.स. | लोलई लोध | कञ्चन-२ | |
| ५ | कुस्माडाँडा कृ.स. | प्रेम कुमारी मल्लाह | कञ्चन-१ | |
| ६ | बुद्ध कृ.स. | बिश्वराम थारु | कञ्चन-१ | |
| ७ | भैरव बाबा कृ.स. | संगिता केवट | कञ्चन-२ | |
| ८ | नमुना कृ.स. | मुराली केवट | कञ्चन-२ | |

ग. कृषक छनोट तथा कार्यक्रम संचालन सम्बन्धमा

सुन्तला रंगको शखरखण्ड (OFSP) प्रवर्धन कार्यक्रम अन्तर्गत कृषि उपकरण, सिंचाई तथा उत्पादन सामग्री सहयोग (शतप्रतिशत अनुदान) क्रियाकलाप संचालन गर्न मिति २०८३/०१/०४ गते कृषकहरुबाट आवेदन मागका लागि प्रकाशित सूचना अनुसार वडा कार्यालयको सिफारिसका आधारमा निम्नानुसारको कृषकहरुलाई कार्यक्रम संचालनका लागि अनुदान उपलब्ध गराउने

अनुमोदित निर्णय

कृषि उपकरण, सिंचाई तथा उत्पादन सामग्री सहयोग (शतप्रतिशत अनुदान) क्रियाकलाप तर्फ

| क्र.सं. | कृषकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | युवराज शर्मा | कञ्चन-२,बसन्तफुलबारी | |
| २ | भिम बहादुर थारु | कञ्चन-१,बकुलगाढ | |
| ३ | कौशिला शर्मा | कञ्चन-२,बसन्तफुलबारी | |
| ४ | दुर्गेश लोध | कञ्चन-२,बेउरी | |
| ५ | जयराम केवट | कञ्चन-२, दयानगर | |
| ६ | राम सुरत यादव | कञ्चन-२,दयानगर | |
| ७ | दल बहादुर श्रीस थापा | कञ्चन-१,बकुलगाढ | |

१८.१६. नदीजन्य पदार्थको सम्झौता प्रकृया अगाडी बढाउने सम्वन्धमा

कंचन गाउँकार्यपालिकाको मिति २०८२।९।२१ को निर्णयबाट आ.व.०८२।०८३ मा कंचन नदी अन्तर्गत विभिन्न ६ वटा घाट तथा क्षेत्रबाट कार्यपालिकाबाट स्वीकृत वातावरणीय परीक्षण प्रतिवेदन (IEE) बमोजिम उत्खनन गर्न सकिने नदीजन्य पदार्थ बुटवल गोरुसिंगे सडक स्तरोन्नती आयोजनालाई उपलब्ध गराउने निर्णय बमोजिम ५ वटा घाट तथा क्षेत्रहरुको सम्वन्धित पक्षसँग सम्झौता भई कार्यप्रकृया अगाडी बढेकोमा कंचन वडा नं १ तथा सैनामैना वडा नं ११ को सिमाक्षेत्रमा पर्ने कंचन गाउँपालिका वडा नं १ क्षेत्रको भाटाटोल वगर क्षेत्र (उत्तर तर्फ) सैनामैना नगरपालिकासंग समन्वय गरी उक्त क्षेत्रको नदिजन्य पदार्थको उत्खनन् तथा घाटगद्दी अनुमतीको लागि सम्वन्धित पक्ष (आयोजनाको ठेकेदार) संग सम्झौता गर्नुपर्ने देखिएकोले कंचन गाउँपालिका वडा नं १ का वडा अध्यक्ष श्री हरिनारायण थारु तथा सैनामैना नगरपालिका वडा नं ११ का वडा अध्यक्ष राम प्रसाद

भुसाल तथा सरोकारवालाहरुसँग आवश्यक छलफल गरी सहजीकरणका लागि वडा नं १ वडा अध्यक्ष हरिनारायण थारूलाई जिम्मा दिने । सो पश्चात कार्यालयले आवश्यक प्रक्रिया अगाडी बढाउने ।

१८.१७ सम्झौता नविकरण सम्बन्धमा

जनताको जिउधन तथा सार्वजनिक सम्पत्तिको रक्षा गर्ने काम स्थानीय सरकारको दायित्वलाई मध्यनजर गर्दै जडान भएका र सि.सि. क्यामेराहरूको लागि विभिन्न स्थानबाट फाइबर लिङ्क प्रयोग गरी कामका सहजता र आर्थिक रूपले मितव्ययी हुने गरी कञ्चन गाउँपालिका वडा नं. ५ गरगरेमा रहेको ग्लोबल नेटवर्कस प्रा.लि. र कञ्चन गाउँपालिका बिच मिति २०८० साल असोज १२ गते बुधबारका दिन भएको सम्झौता बमोजिम सेवा प्रदायक संस्थाबाट सेवा प्रवाह भइरहेको र सेवा प्रदायकको काम सन्तोषजनक पाइएकाले २०८१/०४/०१ गतेदेखि लागु हुने गरी २०८२ असार मसान्त सम्मका लागि गत वर्षको रकमको १० प्रतिशत वृद्धि हुने गरी सम्झौता नविकरण गरिएकोमा
फायबर लिङ्कको नियमित सर्भिसिङ्ग कार्यका लागि प्रथम पक्षबाट उपलब्ध गराउँदै आएकोमा सेवा प्रवाहको गति, लाभ लागत विश्लेषण समेतका आधारमा मासिक रू. १० हजार र मासिक १० लिटर इन्धन सम्झौता नविकरण गरी नियमानुसार मिति २०८२ श्रावण १ गतेदेखि २०८३ आषाढ मसान्तसम्म लागु हुने गरी सम्झौता बमोजिम उपलब्ध गराउने ।

१८.१८ कभर्ड हल सम्वन्धमा,

आ.व. २०८२/८३ का लागि लुम्बिनी प्रदेश सरकारद्वारा हस्तान्तरित (शसर्त) कार्यक्रम अन्तर्गत अपुरो कभर्ड हल निर्माण वडा नं. ५ शीर्षकमा रू. १२ लाख बजेट विनियोजन भई आएकोमा उक्त कभर्ड हलको विभिन्न भौतिक संरचनाहरु विगतका वजेट तथा कार्यक्रमहरुबाट सम्पन्न भइसकेकोमा उक्त कभर्ड हल पूर्ण रुपमा संचालन गर्नको लागि आवश्यक पर्ने म्याट, लाइट सिस्टम लगायतका सामाग्रीहरु आवश्यक भएको भनि सरोकारवालाको माग निवेदन समेत प्राप्त भएकोले उक्त वजेट बाट कभर्डहल पूर्ण रुपमा संचालन गर्न आवश्यक पर्ने सामाग्रीहरुको व्यवस्थापन गर्न निर्देशन दिने ।

१८.१९. विविध,

क. मापदण्ड स्वीकृत सम्बन्धमा

आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम सञ्चालन गर्ने प्रयोजनार्थ कञ्चन गाउँपालिकाको हलुका सवारी चालक वर्ग "बि" तालिम सञ्चालन तथा सहभागी छनोट सम्बन्धी मापदण्ड, २०८३ का सम्बन्धमा कार्यपालिकामा छलफल भयो साथै उक्त मापदण्ड स्वीकृत गरी सोही बमोजिम कार्यक्रम सञ्चालन गर्ने ।

ख. सूचिकृत बेरोजगारहरूलाई प्रणालीमा प्रविष्टि गर्ने सम्बन्धमा

आगामी आ.व. २०८३/८४ का लागि गाउँपालिकामा रहेका बेरोजगार व्यक्तिहरूले सूचिकृत हुनका लागि सूचना जारी गरे बमोजिम वडा कार्यालयमा दर्ता भएका बेरोजगार व्यक्तिहरूको फारम वडा कार्यालयबाट स्वीकृत भई आए बमोजिम EMIS रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गर्न रोजगार सेवा केन्द्रलाई निर्देशन दिने ।

ग. अनुगमन प्रतिवेदन सम्बन्धमा

क. बजार अनुगमन प्रतिवेदन

कञ्चन गाउँपालिकाबाट मिति २०८२/१२/२० र २३ गते LPG ग्याँस बिक्री वितरणका सम्बन्धमा जिल्ला प्रशासन कार्यालय रूपन्देहीबाट स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्ने सम्बन्धमा परिपत्र भए बमोजिम स्थलगत अनुगमन गर्दा गाउँपालिका क्षेत्र भित्र ग्याँसको अभाव नरहेको र नियमित बिक्री वितरण गर्ने व्यवस्था मिलाउनका लागि सुझाव सहितको प्रतिवेदन कार्यपालिका बैठकमा उपाध्यक्षबाट पेश भई तयार भएको उक्त अनुगमन प्रतिवेदनलाई अनुमोदन गर्ने ।

ख. सहकारी अनुगमन प्रतिवेदन

कञ्चन गाउँपालिकाबाट मिति २०८३/०१/०३ र ४ गते कञ्चन गाउँपालिकाको नियमन क्षेत्र भित्र पर्ने केही सहकारी संस्थाहरूको अनुगमन गरी समितिको प्रतिवेदन कार्यपालिका बैठकमा उपाध्यक्षबाट पेश भई तयार भएको उक्त अनुगमन प्रतिवेदनलाई अनुमोदन गर्ने ।

<u>अन्त्यमा,</u> गाउँपालिका अध्यक्ष श्री नवराज ढकालबाट अठारौं कार्यपालिकाको बैठकमा उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दैं आजको कार्यपालिका बैठक सम्पन्न भएको घोषणा गर्नु भयो ।

नवराज ढकाल
गा. पा. अध्यक्ष

प्रमाणित गर्ने
०८३।१।१२

माधव प्रसाद पोखेल
प्रमुख प्रशासकीय अधिकृत